नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सोलुखुम्बु

आज मिति २०७७।०१।०३ गते कोभिड १९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको सम्वन्धमा जिल्ला सुरक्षा समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी रमा आचार्यको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरु रहेको कमाण्ड पोष्टको बैठक बसी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति

अध्यक्ष- श्री रमा आचार्य - प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय

सदस्य- श्री जगन्नाथ राना- सेनानी, अरिदमन गण (ख) गुल्म सल्लेरी

सदस्य- श्री टेकुनन्द इवा लिम्बु – प्र.ना.उ. जिल्ला प्रहरी कार्यालय, सोलुखुम्वु

सदस्य- श्री विशाल सिलवाल — स.प्र.ना.उ, सशस्त्र प्रहरी बल नेपाल आश्रित न २ गुल्म

सदस्य- श्री रामवावु चौधरी –प्रमुख अनुसन्धान अधिकृत, रा.अ.जि. कार्यालय, सोलुखुम्वु

सदस्य सचिव- श्री लक्ष्मी कुमारी शाही – स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, सोलुखुम्वु

निर्णय

1. गृह मन्त्रालयको च.नं ५२८, मिति २०७७।०१।०२ को पत्रबाट लेखी आए बमोजिम कोभिड १९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणको कार्यलाई व्यवस्थित गर्न साथै अत्यावश्यक सेवा संचालनको कार्य र आवतजावतलाई व्यवस्थित गर्दै वनाई सवारी साधन अनुमति (पास) वितरणको कार्यलाई सहज, सरल र सुव्यवस्थित वनाई कार्यसम्पादनमा चुस्तता र प्रभावकारिता ल्याउदै सामाजिक दूरी (Social Distance) समेत कायम राखी सेवाप्रवाह गर्न यस कार्यालयबाट प्रदान गर्दै आएको सवारी पासलाई नेपाल सरकार सचिवस्तरको मिति २०७६।१२।३० को निर्णयानुसार निशुल्क रुपमा संचालनमा ल्याइएको **E-Pass, epass.moha.gov.np** वेभसाइड मार्फत उपलव्ध गराउने व्यवस्था गरिएको सूचना जारी गर्ने निर्णय गरियो।
2. गृह मन्त्रालयको च.नं ३५३५ मिति २०७७।०१।०२ को पत्रबाट मिति २०७७।१।२ को मन्त्रिपरिषदको निर्णयानुसार कोभिड -१९ को संक्रमण फैलिने सम्भावना देखिएकोले यो रोग रोकथाम र निर्मूल गर्न संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिम यस अघिको २०७६।१२।२४ गतेको निर्णय बमोजिम २०७७ बैशाख ३ गते बुधवार मध्यरातसम्मका लागि जारी गरिएको लकडाउनको आदेश मिति २०७७ बैशाख १५ गते सोमबार मध्यरात सम्मका लागि नेपाल भर लागु हुने गरी लकडाउन लाई निरन्तरता दिइएको सूचना जारी गर्ने निर्णय गरियो ।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सल्लेरी, सोलुखुम्बु

०३८-५२०१३२
०३८-५२०१३३
फ्याक्स ०३८५२०२०८
वेब साइट
www.daosolukhumbu.moha.gov.np
Email:
daosolukhumbu11@gmail

प.सं. : ०७६/०७७
च.नं. :

मिति २०७७।०१।०३

## सवारी पास सम्वन्धी अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस ( COVID-19) को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रण सम्वन्धी कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न साथै अत्यावश्यक सवारी साधन तथा आवतजावतलाई व्यवस्थित वनाई सवारी साधन अनुमति (पास) वितरणको कार्यलाई सहज, सरल र सुव्यवस्थित वनाई कार्यसम्पादनमा चुस्तता र प्रभावकारिता ल्याउदै सामाजिक दूरी (Social Distance) समेत कायम राखी सेवाप्रवाह गर्न गृह मन्त्रालयबाट प्राप्त पत्रानुसार नेपाल सरकार (सचिवस्तर) मिति २०७६।१२।३० गतेको निर्णयबाट निशुल्क रुपमा संचालनमा ल्याइएको **E-pass, epass.moha.gov.np** बाट मात्र सवारी साधन अनुमति (पास) जारी हुने व्यहोरा सवैमा अनुरोध छ ।

साथै, **e-pass** प्राप्त गर्ने सम्वन्धमा **epass.moha.gov.np** बाट वा आफनो मोवाइलको म्यासेज वक्समा गई पास वा अन्य कुनै शब्द टाइप गरी १११२ मार्फत निवेदन गर्ने व्यवस्था रहेको व्यहोरा समेत सवैको जानकारीका लागि अनुरोध छ ।

रमा आचार्य
प्रमुख जिल्ला अधिकारी

रमा आचार्य
प्रमुख जिल्ला अधिकारी

०३८-५२०१३२
०३८-५२०१३३
फ्याक्स ०३८५२०२०८
वेब साइट
www.daosolukhumbu.moha.gov.np
Email:
daosolukhumbu11@gmail.

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सल्लेरी, सोलुखुम्बु

प.सं. : ०७६/०७७

च.नं. :

मिति २०७७।०१।०३

## E-Pass प्रयोग सम्वन्धी प्रकृया ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको Novel Corona Virus -COVID (19) को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न साथै अत्यावश्यक सवारी साधन तथा आवतजावतलाई व्यवस्थित बनाई सवारी साधन अनुमति (पास) वितरणको कार्यलाई सहज, सरल र सुव्यवस्थित बनाई कार्य सम्पादनमा चुस्तता र प्रभावकारिता ल्याउदै सामाजिक दूरी (Social Distance) समेत कायम राखी सेवा प्रवाह गर्न निशुल्क रुपमा सचालनमा ल्याइएको E-pass, epass.moha.gov.np बाट मात्र सवारी साधन अनुमति (पास) जारी हुने व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ । साथै अत्यावश्यक सवारी साधन अनुमति (पास) आवश्यक भएमा निम्नानुसारको प्रकृया अवलम्बन गर्न समेत अनुरोध छ ।

### निम्न

I. आफ्नो मोवाइलको म्यासेज वक्समा गई पास वा अन्य कुनै शब्द टाइप गरी १११२ मा पठाउने ।

II. एस.एम.एस पछि मोवाइलको Inbox मा https://epass.mpha.gov.np/ लिंक सहित सुचना प्राप्त गरी सो लिंकमा Click गरी अनुमतिका लागि Screen आउने अनुरोध कर्ताको विवरण, अनुमतिको किसिम र सवारी साधनको विवरण पुर्ण रुपमा भरी सम्वन्धित कागजात जस्तै नागरिकता प्रमाणपत्र, कर्मचारी परिचयपत्र, सवारी साधन परिचय पत्र, अस्पतालको सिफारिस, कार्यालयको सिफारिस वा तस्वीर मध्ये प्रमाण हुन सक्ने कागजातहरु अपलोड गरी बुझाउनु होस भन्ने Key मा Click गरी पेश गर्ने ।

III. Online निवेदन पेश गरी सकेपछि पास वितरण मापदण्डको आधारमा पास दिने नदिने निर्णय जिल्ला प्रशासन कार्यालयले गर्नेछ र सोको जानकारी निवेदकको मोवाइलको म्यासेजमा आउनेछ ।

IV. Online निवेदन स्वीकृत भएमा निवेदकको मोवाइलमा छ अंक (Digit) को कोड नम्वर प्राप्त हुने छ उक्त कोड नम्वर नै सवारी अनुमति पास हुने छ ।

V. सुरक्षा निकाय वा अधिकार प्राप्त कर्मचारीले जुनसुकै वखत र स्थानमा सवारी अनुमति चेकजाच गर्न सक्ने भएकाले उक्त कोड नम्वरलाई सुरक्षित राख्न हुन र आफ्नो साथमा Online अनुरोध निवेदनमा पेश गरेका परिचय खुल्ने कागजात समेत साथमा राख्नु पर्ने छ ।

VI. Online अनुरोध निवेदन मोवाईल वा कम्प्युटर दुवैबाट गर्न सकिनेछ ।

**(नोटः-जिल्ला प्रशासन कार्यालयले अति आवश्यक सवारी साधनका लागि मात्र पास स्वीकृत गर्ने हुदाँ अनावश्यक रुपमा अनलाईन दरखास्त पेश नगर्न हुन र एउटै व्यक्तिले धैरै पटक सम्म निवेदन पेश नगर्न हुन जानकारी गराईन्छ । यदि वारम्बार दोहोरिएमा वा पेश भएमा कालो सुचिमा राखिनेछ ।)**

०७६।१।३

लक्ष्मी कुमारी शाही

प्र.जि.अ.